# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं कार्तिक १३ गते २०१३ साल

## अर्थ (आय) मन्त्रालयको सूचना

४।१।२१ ६।७।०१३

नेपाल भारत वाणिज्य सन्धि–अन्तर्गतको भारतमा केन्द्रीय अन्तःशुल्क लाग्ने माल सामानहरू भारतबाट नेपाल पैठारी गर्ने कार्य प्रणालीअनुसार ए. आर. १ फारामद्वारा नेपालमा पैठारी गरेको भारत सरकारको केन्द्रीय अन्तःशुल्क लाग्ने बस्तुजातिमा भारत सरकारले लिएको अन्तःशुल्क नेपाल सरकारलाई फिर्ता आउने व्यवस्था भैरहेको सबैलाई विदित छ। भारतमा केन्द्रीय अन्तःशुल्क लाग्ने बस्तुहरू नेपालमा पैठारी गर्दा स्वीकृत प्रणाली-बमोजिमको ए. आर्. १ फारामद्वारा नल्याएमा नेपाल सरकारलाई फिर्ता हुने भारतीय अन्तःशुल्क नेपाल सरकारलाई नआउने मात्र होइन कि ए.आर्. १ फारामद्वारा पैठारी नभएको मालमा नेपाल सरकारको दरबन्दीबमोजिम-को पैठारी महसुल पनि लाग्ने हुनाले मालको मोल बढ्न गै सर्वसाधारणको दैनिक जीवनमा असर पर्ने हुनाले सरकारले ए. आर्. १ फाराम-व्यवस्था बढी मात्रामा लागू गराउने उद्देश्यले देहायबमोजिमको प्रबन्ध



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६१

गरेको छ। यो नियम गजेटमा प्रकाश भएको मितिले ३५ पैंतीश दिनदेखि लागू हुनेछ।

१. नेपाल भारत वाणिज्य सन्धि–अन्तर्गत खुलेका भन्सारहरूबाट पैठारी हुनेमा भारतीय केन्द्रीय अन्तःशुल्क लाग्ने सबै वस्तु स्वीकृत प्रणाली-बमोजिम ए. आर. १ फारामद्वारा नै पैठारी गर्नुपर्छ।

२. दफा १ बमोजिम गरी पैठारी गरेको वस्तुहरूमध्ये पेट्रोलबाहेक अरू वस्तुमा यो नियम लागू भएको मितिदेखि शरचार्ज लिइनेछैन।

३. दफा १ बमोजिम नगरी भारतको केन्द्रीय अन्तःशुल्क लाग्ने कुनै वस्तु पनि स्वीकृत प्रणालीबमोजिम ए. आर. १ फारामद्वारा नल्याई त्यसै पैठारी गरेमा त्यस्तो माल सामानमा दरबन्दीबमोजिमको महसुलको दोबर महसुल र सैकडा १० शरचार्जसमेत लिइनेछ।

४. यो नियम नेपाल गजेटमा प्रकाश भएको मितिले ३५ दिनदेखि लागू हुनेछ।

५. दफा १ मा लेखिएका भन्सार अर्थात् नेपाल भारत वाणिज्य सन्धि–अन्तर्गत खुलेको भन्सार बाहेक अरू भन्सारमा यो नियम लागू हुनेछैन।

आज्ञाले—
नीरराज,
सेक्रेटरी—अर्थमन्त्रालय.

# अर्थ (आय) मन्त्रालयको सूचना

घ ६७५३ ०१३।७।९

देशको भन्सार व्यवस्थाको वैज्ञानिक र आधुनिक ढङ्गले पुनःसङ्गठन गर्ने उद्देश्यले सरकारले कतिपय कदम उठाउँदैछ। ती कदममध्ये देहायबमोजिम गर्ने सरकारको ०१३—४—९—३ मा निर्णय भएकोले सूचना निमित्त प्रकाशित गरिएको छ।

१. निकाशी पैठारी महसूल लिने सरकारी अड्डाहरूको पहाडतर्फ "भन्सार" र तराइतर्फ "बजार अड्डा" भन्ने नाउँ रही आएकोमा अबदेखि सबैलाई एउटै नाम "भन्सार" भन्ने।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. निकाशी पैठारीको परिमाण र निकाशी पैठारी महसूलबाट भएका आमदानीको विचारले देहायका तराईका भन्सारहरूलाई देहायबमोजिम विभिन्न श्रेणीमा विभाजित गरिएको छ।

| [क] प्रथम श्रेणी | [ख] द्वितीयश्रेणी | [ग] तृतीयश्रेणी |
|---|---|---|
| भद्रपुर भन्सार | हनुमाननगर भन्सार | सर्लाही भन्सार |
| विराटनगर भन्सार | चन्द्रगञ्ज भन्सार | गौर भन्सार |
| बीरगञ्ज भन्सार | महोत्तरी भन्सार | ब्रम्हदेउभन्डीभन्सार |
| भैरहवा भन्सार | बग्लगञ्ज भन्सार | झुलाघाट भन्सार |
| नेपालगञ्ज भन्सार | कोइलावास भन्सार | |
| | राजापुर भन्सार | |
| | त्रिनगर भन्सार | |

[घ] चतुर्थ श्रेणी

ठोरी भन्सार

३. श्रेणीका क्रमले देहायबमोजिमका हाकिम तहरीरका दर्ज्यानी रहनेछन्।

[क] प्रथम श्रेणी

हाकिम पदः— ग्याजेटेड दर्जाका " कष्टम अफिसर "

तहरीर पदः— ना. सुब्बा दर्जा

[ख] द्वितीय श्रेणी

हाकिम पदः— ना. सुब्बा

तहरीर पदः— खरिदार

[ग] तृतीय श्रेणी

हाकिम पदः— खरिदार

तहरीर पदः— प. द. का.

[घ] चतुर्थ श्रेणी

हाकिम पदः— प. द. कारिन्दा

तहरीर पदः— दो. द. कारिन्दा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

2E23

४. दफा २ मा लेखिएबमोजिम तराई भन्सारका छोटी भन्सार तथा पहाडका मूल तथा छोटी भन्सारहरूका पनि श्रेणी बिभाजन पछि प्रकाशित गरिनेछ ।

आज्ञाले—
नीरराज,
सेक्रेटरी,-अर्थमन्त्रालय.

## अर्थ (आय) मन्त्रालयको सूचना

१२।१।२।४५, ०१३।७।९

बिदेशी मदिरा ०११ साल मार्ग २३ गतेको अतिरिक्ताङ्क खण्ड ४ को प्रकाशित गजेटले काठमाडौं उपत्यकाभित्र मात्र पैठारी गर्न मनाई भैरहेको अबउप्रान्त उक्त बिदेशी मदिरा नेपाल राज्यभर मुलुकमा पैठारी बन्द गर्ने ०१३।६।१५।१ को सरकारको निर्णयानुसार यो सूचना प्रकाश गरिएको छ ।

आज्ञाले—
नीरराज,
सेक्रेटरी-अर्थमन्त्रालय.

## अर्थ (आय) मन्त्रालयको सूचना

६-१-४० १२।७।०१३

टयाक्टरको महसुलबारे ०८।१२।२४ को प्रकाशित गजेट र ०८।११।१९।२ को निर्णयमा बालिगरी ल्याएको र नयाँ खरिद ल्याएकोमा पनि एकै तरह मोलको सयकडा १ रु. महसुल लिने भैरहेको बेहोरा पेश गरेमा बालिगरी ल्याएमा पटक १ को प्रवेश शुल्क रु. १० र ७ दिनभन्दा बढी रहेमा हरेक ७ दिनको रु. १० का हिसाबले महसुल लिने गरी २०१३।६।१६।२ मा सरकारको निर्णय भएको हुनाले सोबमोजिम गर्न गराउन यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले—
नीरराज,
सेक्रेटरी-अर्थमन्त्रालय.

गोरखापत्र छापाखानामा मुद्रित । मेनेजर प्रेमराज शर्मा.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६८